म.जि.प्र.का दर्ता नं: १०४/०६७/०६८

बागमती प्रदेशको राजधानी हेटौंडाबाट प्रकाशित लोकप्रिय 'क' वर्गको समाचारपत्र

# समृद्ध समाज

SAMRIDDHA SAMAJ NATIONAL DAILY राष्ट्रिय दैनिक

म.जि.हु.का.द.नं. ३०/०६९/०७०

वर्ष:१५ अङ्क:- १८७ २०८१ जेठ १६ गते बुधबार 29 May 2024, Wednesday - पृष्ठ ४ मूल्य रु. ५/-

**डिभिजन वन कार्यालय, मकवानपुरको अनुरोध ।**

वनमा आगो लगाउनेलाई वन ऐन – नियम अनुसार ३ वर्ष कैद वा ६० हजार रुपैयाँ सम्म जरिवाना वा दुवै सजाय हुनसक्दछ, त्यसैले वनमा आगो लगाउने वा आगो लागि हुनसक्ने कार्य नगर्न नगराउनु हुन सम्पूर्णमा अनुरोध गरिन्छ । डढेलो लागेको देखिएमा सबै समुदाय मिलि तत्काले डढेलो निभाऔं । डढेलो नियन्त्रणमा आउन नसके वन समूह, नजिकको वन कार्यालय वा सुरक्षा निकायमा तुरुन्तै खबर गरौं ।

**डिभिजन वन कार्यालय, मकवानपुर**

## संघीय सरकारले ल्यायो आगामी बर्षको बजेट

# बजेट १८ खर्ब ६० अर्ब ३० करोड रुपैयाँ

काठमाडौंः आगामी आर्थिक बर्ष २०८१/८२ का लागि संघीय सरकारले १८ खर्ब ६० अर्ब ३० करोड रुपैयाँको बजेट विनियोजन गरेको छ। जसअनुसार चालु खर्च ११ खर्ब ४० अर्ब ६६ करोड (६१.३१ प्रतिशत), पुँजीगत खर्च ३ खर्ब ५२ अर्ब, वित्त व्यवस्थापनमा ३ खर्ब ६७ अर्ब रुपैयाँ विनियोजन गरिएको छ ।

यो बजेट यस वर्षको सुरुको विनियोजन भन्दा करिब २१ प्रतिशत र संशोधित अनुमानको ६.२ प्रतिशतले बढी हो । चालु आर्थिक वर्ष १७ खर्ब ५१ अर्ब ३१ करोड २१ लाख रुपैयाँको बजेट ल्याएको थियो। अर्धवार्षिक समीक्षामार्फत त्यसलाई सवा २ खर्ब घटाएको थियो । सरकारले अर्थ मन्त्रालयका लागि आगामी आर्थिक वर्ष (आव) २०८१/८२ मा सबैभन्दा धेरै बजेट विनियोजन गरेको छ। आगामी आर्थिक वर्षका लागि सरकारले अर्थ मन्त्रालयलाई कुल विनियोजनको ११.९८ प्रतिशत विनियोजन गरेको छ । अर्थ मन्त्रालयका लागि २ खर्ब २२ अर्ब ८६ करोड रुपैयाँ विनियोजन गरिएको छ । दोस्रो स्थानमा शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय छ । उसका लागि कुल विनियोजनको १०.९५ प्रतिशत अर्थात् २ खर्ब ३ अर्ब विनियोजन गरिएको छ । त्यसैगरी गृह मन्त्रालयले कुल विनियोजनको १०.७१ प्रतिशत बजेट पाएको छ। बजेटमा उल्लेख भएअनुसार गृहले कुल १ खर्ब ९९ अर्ब २४ करोड पाएको छ ।

विकासे मन्त्रालयतर्फ भौतिक, पूर्वाधार तथा यातायातले सबैभन्दा धेरै ८.०९ प्रतिशत बजेट पाएको छ। उसले १ खर्ब ५० अर्ब ५३ करोड पाएको हो । सहरी विकास मन्त्रालयले ४.९८ प्रतिशत अर्थात् ९२ अर्ब ६३ करोड र स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले ४.६४ प्रतिशत अर्थात् ८६ अर्ब २३ करोड पाएको छ । अर्थ मन्त्रालयबाट भुक्तानी हुने अन्य शीर्षकमध्ये आन्तरिक ऋण भुक्तानी, वाह्य ऋण भुक्तानी, कर्मचारी सुविधा तथा सेवानिवृत्त सुविधा, विविधमा समेत ठूलो रकम विनियोजन गरिएको छ। सबैभन्दा कम बजेट कानुन, न्याय तथा संसदीय मामिला मन्त्रालयले पाएको छ । यो मन्त्रालयको बजेट ५४ करोड ५३ लाख रुपैयाँमात्र रहेको छ। जुन कुल विनियोजन बजेटको ०.०३ प्रतिशत हुन आउँछ ।

सरकारले भौतिक तथा यातायात पूर्वाधारतर्फ अधुरा आयोजनामा जोड दिएको छ । कुल विनियोजित बजेटको ८.९ प्रतिशत अर्थात् १ खर्ब ५० अर्ब रुपैयाँ भौतिक, पूर्वाधार तथा यातायात मन्त्रालयले पाएको छ । सरकारले पूर्वपश्चिम राजमार्गका लागि २९ अर्ब ८८ करोड विनियोजन गरेको छ । काठमाडौं-तराई मधेश द्रुतमार्ग सडक आयोजनालाई २२ अर्ब ५४ करोड विनियोजन गरिएको छ । मध्यपहाडी लोकमार्गलाई ३ अर्ब ६८ करोड र हुलाकी राजमार्गलाई ३ अर्ब ३० करोड रुपैयाँ विनियोजन गरिएको छ ।

सरकारले ऊर्जा क्षेत्रको विकासका लागि ५० अर्ब ७४ करोड रुपैयाँ बजेट विनियोजन गरेको छ। चालु आर्थिक वर्षमा प्रसारण लाइन र वितरण प्रणाली सुधार तथा विस्तारका लागि मात्रै ३८ अर्ब ३२ करोड विनियोजन गरेको सरकारले आगामी वर्षका लागि भने ऊर्जा क्षेत्रमा बजेट घटाएको हो । बजेट घटाए पनि आगामी आवमा आन्तरिक तथा अन्तरदेशीय प्रसारण लाइन निर्माणदेखि दर्जनौं ठूला जलविद्युत् आयोजना निर्माण सुरु गर्ने अर्थमन्त्री वर्षमान पुनले घोषणा गरेका छन् ।

सरकारले विद्युतीय गाडी (ईभी) मा कर बढाएको छ । ईभीको अन्तःशुल्क र भन्सार दरमा परिवर्तन गरेको हो । १० सिटयुक्त ईभीमा अनएसेम्बल्ड र अन्यमा १० प्रतिशतबाट १५ प्रतिशत भन्सार पुऱ्याइएको छ । सोही प्रकारका ईभीमा अन्तःशुल्क पनि अनएसेम्बल्ड र अन्य दुवै प्रकारमा ५ प्रतिशत लगाउने भएको छ । यसमा यसअघि अन्तःशुल्क लगाइएको थिएन। ५० किलोवाटसम्मको मोटर भएका ईभीमा पनि भन्सार बढाइएको छ भने अन्तःशुल्क लगाइने छ। उक्त मोटर क्षमता भएको ईभीमा १० प्रतिशत रहेको भन्सार महसुल १५ प्रतिशत पुऱ्याइएको छ ।

सरकारले श्रम तथा रोजगार क्षेत्रमा ८ अर्ब १० करोड रुपैयाँ छुट्याएको छ । यो चालु आर्थिक वर्ष भन्दा जम्मा २ करोड रुपैयाँ बढी हो। श्रम तथा रोजगार क्षेत्रका केही नयाँ कार्यक्रम घोषणा गरिएको छ । जसमा रिर्टनी उद्यमशीलताजस्ता केही कार्यक्रम छन् । श्रम रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयको बजेटको ठूलो हिस्सा प्रधानमन्त्री रोजगार कार्यक्रममा राखिएको छ । प्रधानमन्त्री रोजगार कार्यक्रममा अन्तर्गत स्थानीय तहमा सुचीकृत भएका २ लाख बेरोजगारलाई कम्तीमा १०० दिन रोजगारी दिने घोषणा गरिएको छ ।

युवा तथा खेलकुद क्षेत्रको बजेट बढाएको छ । बजेट प्रस्तुत गर्दै अर्थमन्त्री वर्षमान पुनले युवा तथा खेलकुद क्षेत्रमा ३ अर्ब ५० करोड बजेट विनियोजन गरेका हुन्। विनियोजित बजेट यसअघिको भन्दा ६२ करोडले बढी हो । आर्थिक वर्ष २०८०/०८१ मा युवा तथा खेलकुद क्षेत्रको बजेट २ अर्ब ८७ करोड ५९ लाख रुपैयाँ विनियोजन भएको थियो । यस्तै सरकारले सशस्त्र प्रहरीको बोर्डर आउट पोस्ट (बीओपी)को संख्या २६० पुऱ्याइने भएको छ । आगामी आर्थिक वर्षभित्र सीमा सुरक्षाका लागि खटाइने सशस्त्र प्रहरीको बीओपी युनिटको संख्या २६० बनाइने भएको हो। मंगलबार दुबै सदनको संयुक्त बैठकमा अर्थमन्त्री वर्षमान पुनले घोषणा गरेको बजेटमा बीओपीको संख्या २६० बनाइने उल्लेख छ । अहिले उत्तरी चीनतर्फको सीमा र दक्षिण भारततर्फको सीमामा गरेर जम्मा २५४ वटा बीओपी छन् । आर्थिक आर्थिक वर्षभित्र यसलाई बढाएर २६० पुऱ्याउने लक्ष्य सरकारले लिएको छ । त्यस्तै अहिले कायम रहेका २५४ बीओपी मध्ये १३९ बीओपीको आफ्नै भवन छ । आगामी आर्थिक वर्षभित्र १२ वटा बीओपी भवन निर्माण गरी १५१ वटा पुऱ्याइने उल्लेख छ ।

# समतामूलक समाज निर्माण गर्न जरुरी: प्रदेश प्रमुख शर्मा

समाज संवाददाता

हेटौंडाः बागमती प्रदेशका प्रदेश प्रमुख यादवचन्द्र शर्माले समतामूलक एवम् शोषणरहित समाज निर्माण गर्न जरुरी रहेको बताउनुभएको छ । मंगलबार १७ औं गणतन्त्र दिवसको अवसरमा बागमती प्रदेश सरकारले आयोजना गरेको कार्यक्रमलाई सम्बोधन गर्दै उहाँले यस्तो बताउनुभएको हो ।

उहाँले न्याय र समानताको आधारमा प्राप्त उपलब्धीको संरक्षण-प्रवर्द्धन गर्दै थप उपलब्धीका लागि क्रियाशील रहन जरुरी रहेको बताउनुभएको छ । राष्ट्रिय अर्थतन्त्रलाई स्वतन्त्र, आत्मनिर्भर एवम् समुन्नत बनाउने दिशामा अघि बढ्नु आजको प्रमुख आवश्यकता रहेको प्रमुख शर्माले औंल्याउनुभयो । उहाँले सहिष्णुतामा आधारित सामाजिक, सांस्कृतिक मूल्यहरूको विकास गर्न जरुरी रहेको बताउनुभयो ।

'सांस्कृतिक विविधताको सम्मान गर्दै सामाजिक सद्भाव, ऐक्यबद्धता र सामञ्जस्य कायम गरी राष्ट्रिय एकता सुदृढ गर्ने दिशामा हामी अघि बढ्नु पर्दछ ।' उहाँले भन्नुभयो । गणतन्त्रात्मक शासन व्यवस्थाको मूल मर्मलाई कार्य प्रणालीमा रूपान्तरण गर्न सकिए यो व्यवस्थाले द्रुत गतिमा जनताको अवस्थामा सकारात्मक परिवर्तन ल्याउने शर्माको दाबी छ ।

यस्तै, कार्यक्रमलाई सम्बोधन गर्दै बागमती प्रदेशका मुख्यमन्त्री शालिकराम जम्कटेलले गणतन्त्र त्यसै प्राप्त नगरेको भन्दै धेरै संघर्ष गरेर गणतन्त्र आएको बताउनुभयो। समृद्ध नेपाल सुखी नेपालीको नाराका साथ गणतन्त्र प्राप्ति गरेको उहाँको भनाइ छ। हिजोको दिनमा सुरक्षा निकाय, सरकार पक्ष सबै मिलेर जनयुद्धको भागिदार हुन आवश्यक रहेकाले १२ बुँदे घोषणापत्र जारीपश्चात् गणतन्त्रको घोषणा भएको उहाँले स्मरण गराउनुभयो। आजको दिन गौरवमय इतिहास बोकेको दिन भएको बताउँदै सबैले गर्व गर्न आवश्यक रहेको उहाँको धारणा थियो ।

गणतन्त्र र राजनीतिको बारेमा वर्तमान समयमा समग्ररूपमा हेर्ने गरेका भन्दै राजनीतिमा १५-२० प्रतिशत मानिस विपक्षीमा रहेको र त्यो सबैमा लागू नहुने उहाँले बताउनुभयो । गणतन्त्रबाट धेरै मानिस खुसी रहेको उहाँको भनाइ छ । विधानले मार्गनिर्देश गरेअनुसार काम गर्नुपर्ने भनेर प्रण गर्न आवश्यक रहेको उहाँले औंल्याउनुभयो । गणतन्त्रले धेरै परिवर्तन गरेको बताउँदै प्रदेश सरकारले धेरै महत्वपूर्ण काम गरेको उहाँले जिकिर गर्नुभयो। विकासको एउटै उद्देश्य आर्थिक समृद्धि भएको बताउँदै प्रदेश सरकारले आर्थिक विकासलाई जोड दिने उहाँको भनाइ छ ।

बागमती प्रदेशका प्रथम मुख्यमन्त्री डोरमणि पौडेलले गणतन्त्रमा जनताले पाउनुपर्ने अधिकार पाएका छन् कि छैनन् भनेर हेर्न आवश्यक रहेको औंल्याउनुभएको छ। पछिल्लो समय संघीयता र गणतन्त्रलाई आत्मसाथ नगर्ने केही व्यक्तिहरूले विरोध गरेकाले गणतन्त्रवादीहरूले त्यसको प्रतिकार गर्न आवश्यक रहेको उहाँले बताउनुभयो। गणतन्त्र र संघीयताले गर्दा देशले काँचुली फेरेको भन्दै सामान्य जनताको छोराछोरी राष्ट्रपति हुनसक्ने अवस्थामा पुगेको बताउनुभयो ।

हिजोको दिनमा राजा र राणाको शासन भएको बेलामा सामान्य हिसाबले बोल्ने अवस्थासमेत नरहेको कुरालाई आत्मसाथ गरेर गणतन्त्रलाई संस्थागत गर्न आवश्यक रहेको उहाँको भनाइ छ। कानुन र संविधानले दिएको अधिकारअनुसार गणतन्त्रलाई संस्थागतरूपले लैजानुपर्ने पौडेलको धारणा छ । केन्द्रीय सरकारले अधिकार कुण्ठित गर्दा प्रदेश सरकार अहिले निरिह जस्तै रहेको उहाँको भनाइ छ ।

# एमाले मकवानपुरको जिल्ला अधिवेशन शुक्रबार र शनिबार

समाज संवाददाता

हेटौंडाः नेकपा एमाले मकवानपुरको १२ औं जिल्ला अधिवेशन जेठ १८ र १९ गते हुँदैछ । मंगलबार पत्रकार सम्मेलन आयोजना गर्दै एमाले मकवानपुरका अध्यक्ष एकालाल श्रेष्ठले अधिवेशनको तयारी पूरा भएको जानकारी दिनुभयो ।

अधिवेशन हेटौंडाको रोयल पार्टी प्यालेसमा हुँदैछ। अधिवेशनको उद्घाटन जेठ १८ गते शुक्रबार नेकपा एमालेका अध्यक्ष केपी ओलीले गर्नुहुनेछ। अधिवेशनमा मकवानपुर जिल्लाका १० वटा पालिकाबाट प्रतिनिधि, पर्यवेक्षक र विभिन्न क्षेत्रसँग सम्बन्धित महानुभाव, पार्टीको जनवर्गीय संगठनहरुबाट सहभागिता रहनेछन् । सम्मेलनलाई सफलतापूर्वक सम्पन्न गराउन २ सय जना स्वयम्सेवक परिचालन गरिने अध्यक्ष श्रेष्ठले जानकारी गराउनुभयो। अधिवेशनका लागि विभिन्न १२ वटा समितिहरु निर्माण भएका छन् ।

अधिवेशन उद्घाटनमा हेटौंडा उपमहानगर क्षेत्रमा मोटरसाइकल ऱ्याली आयोजना हुनेछ । मकवानपुर जिल्लामा नेकपा एमालेका ११ हजार ६ सय ८४ पार्टी सदस्यबाट अधिवेशनका लागि प्रतिनिधि चयन गरिएको छ । १० वटा पालिकाको १०२ वटा वडा, मजदुर, पेशागत जनसंगठन, जेष्ठ कम्युनिष्ट मञ्च, सल्लाहकार परिषद्समेतबाट छानिएर आएका कुल ७ सय ६९ प्रतिनिधिहरुले अविधेशनमा सहभागिता जनाउनेछन् ।

अधिवेशनको बन्द सत्रवाट भावी नेतृत्वसमेत चयन हुने अध्यक्ष श्रेष्ठले बताउनुभयो। सम्मेलनले नेकपा एमालेको मार्गनिर्देशक सिद्धान्त जनताको बहुदलीय जनवादको औचित्यलाई पुष्टि गर्दै सिंगो देशमा सकारात्मक सन्देश प्रवाह गर्ने उहाँको भनाइ छ ।

अधिवेशनमा विगतका कार्यको वस्तुनिष्ट समीक्षा, निर्माण हुने आगामी कार्ययोजना र कार्ययोजना दृढतापूर्वक कार्यान्वयन गर्ने नेतृत्व निर्माणको लागि प्रतिनिधि छनौट नै प्राथमिक कार्य भएको उहाँको भनाइ छ। अधिवेशनबाट ३ वर्षका लागि १ सय ५ जनाको नयाँ कार्यसमिति चयन हुनेछ । अधिवेशनले मकवानपुरको विकास र समृद्धिको लागि छलफल गर्नेछ। अधिवेशनले जिल्लामा भौगोलिक, जातीय सबैलाई समेटेर जाने अध्यक्ष श्रेष्ठले बताउनुभयो ।

# बागमती प्रदेशमा गणतन्त्र दिवस मनाइयो

समाज संवाददाता

हेटौंडाः बागमती प्रदेश सरकारले १७ औं गणतन्त्र दिवस मनाएको छ । दिवसको अवसरमा प्रदेश सरकारले मंगलबार बिहान हेटौंडाको भूटनदेवी माविको चौरमा भेला भई स्कूलरोड-बुद्धचोक-चौकीटोल-मानसचोक हुँदै मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको प्राङ्गणसम्म ब्याण्ड बाजासहितको प्रभातफेरी आयोजना भएको थियो ।

दिवसको अवसरमा मूल समारोहमा सम्बन्धित मन्त्रालय/निकाय/आयोग/कार्यालयहरूले ब्यानरसहित तोकिएको पोसाकमा कर्मचारीहरू उपस्थित भई प्रभातफेरी गरी मुख्यमन्त्री कार्यालयमा पुगेर सभामा परिणत भएको थियो । दिवसको अवसरमा प्रदेश सरकारले विभिन्न कार्यक्रम गरेको थियो । प्रदेशका मुख्यमन्त्री शालिकराम जमकट्टेलको अध्यक्षता तथा बागमती प्रदेशका प्रदेश प्रमुख यादवचन्द्र शर्माको प्रमुख आतिथ्यमा कार्यक्रम भएको हो। कार्यक्रममा प्रदेशका प्रथम मुख्यमन्त्री डोरमणि पौडेलको विशिष्ट आतिथ्य रहेको थियो ।

कार्यक्रममा सामाजिक विकास मन्त्रालयले आयोजना गरेको गणतन्त्र दिवससम्बन्धी विषयमा विद्यालयस्तरीय वक्तृत्वकला प्रतियोगितामा उत्कृष्ट भएकाहरूलाई पुरस्कृत गरिएको छ । वक्तृत्वकलामा जीएस निकेतन माविकी आकांक्षा निरौला प्रथम भई नगद १० हजार रुपैयाँसहित पुरस्कृत भएकी छिन् । बालजागृति इङ्गलिस बोर्डिङकी सर्जु भण्डारी दोस्रो भएकी थिइन् । उनी ८ हजार नगदसहित पुरस्कृत भएकी हुन् । यस्तै, ब्रह्मदिक एकेडेमीकी कृष्मा लौडारी तेस्रो भई ५ हजार प्राप्त गरेकी छिन् भने सान्त्वना हुने ज्ञानोदय बालबाटिकाका अशोक कटवाल ले ३ हजार प्राप्त गरेका छन् ।

कार्यक्रममा पत्रकारिता पुरस्कारबाट ७ जनालाई पुरस्कृत गरिएको छ । चितवनका ईश्वरकुमार जोशीलाई अग्रज सम्मान पत्रकारिता पुरस्कार प्रदान गरिएको छ । नुवाकोटका शिवप्रसाद देवकोटा संस्थागत पत्रकारिता पुरस्कारबाट पुरस्कृत हुँदा काठमाडौंका राजकुमार सिग्देलले प्रदेश युवा पत्रकारिता पुरस्कार पाएका छन्। मकवानपुरका सरिता दाहाल प्रदेश गौरव पत्रकारिता पुरस्कारबाट पुरस्कृत भएकी छिन्। दोलखाका सिर्जना गोले बागमती पत्रकारिता पुरस्कारबाट, सिन्धुलीका बुद्धलाल नेपाली ग्रामीण पत्रकारिता पुरस्कारबाट र रसुवाका हरिप्रसाद गजुरेल विकास पत्रकारिता पुरस्कारबाट पुरस्कृत भएका हुन् । पुरस्कृत हुने पत्रकारहरुलाई नगद २५ हजार रुपैयाँ प्रदान गरिएको छ । कार्यक्रममा गणतन्त्र प्राप्तिका क्रममा सहिद भएका परिवारका सदस्यहरूलाई सम्मान गरिएको थियो ।

सामुदायिक रेडियो, रेडियो निकास ९३.४ मेगाहर्ज सुनौं र सुनाऔं

रेडियो निकास ९३.४

The Voice of Community

विशेषता : जापानिज भाषा

PTE/Ielts

युरोपिय देशहरुमा शैक्षिक अवसर साथै विशेष गरी फिनल्यान्ड देशका लागि न्यूनतम शुल्कमा शैक्षिक परामर्श सहित सेवा प्रदान ।



सम्पर्क : ०५७-५९०६४५ ९८०२३७१४४४

ठेगाना : स्कूलरोड, हेटौडा-४ पुजन प्लाजा तेस्रो तल्ला

IDB Education Consultancy pvt Ltd

## सम्पादकीय

# बालमैत्री पालिकामै बालश्रम

स्थानीय तह बालमैत्री घोषणा गर्नका लागि बालश्रम अन्त्य भएको हुनुपर्छ । बालमैत्री स्थानीय शासन घोषणा कार्यविधिको १६ नम्बरको सूचकमा "निकृष्ट प्रकारको बालश्रम अन्त्य गर्दै प्रभावित बालबालिकाको पुनर्स्थापना भएको हुनेछ" उल्लेख छ । बालमैत्री स्थानीय शासन घोषणाको पूरा गर्नुपर्ने ५१ सूचकमध्ये यो सूचक शतप्रतिशत हासिल भएको हुनुपर्छ । मकवानपुर जिल्लाको मनहरी गाउँपालिका बालमैत्री स्थानीय शासन घोषणा भएको पहिलो पालिका हो । २०७६ सालको पुसमा मनहरीलाई बालमैत्री स्थानीय शासनयुक्त पालिका घोषणा गरिएको थियो । बाल बचाउसँग सम्बन्धित १४ वटा, बाल संरक्षणसँग सम्बन्धित १० वटा, बाल विकाससँग सम्बन्धित ६ वटा, बाल सहभागितासँग सम्बन्धित ६ वटा र संस्थागत विकाससँग सम्बन्धित १५ वटा गरी ५१ वटा सूचक पूरा गरेर बालमैत्री घोषणा गरिएको पालिकामा पटक-पटक बालश्रममा संलग्न बालबालिकाको उद्दार गर्नु परिरहेको छ ।

गत आइतबारमात्र मकवानपुरको मनहरी गाउँपालिकामा बालश्रममा लगाउने ५ व्यवसायीलाई करबाही गरिएको छ । मनहरी गाउँपालिका, बालहेल्पलाइन र श्रम तथा रोजगार कार्यालयको संयुक्त अनुगमनका क्रममा मनहरीको ७, ८ र ९ नम्बर वडामा सञ्चालित व्यवसायमा श्रममा संलग्न बालबालिका फेला परेको थियो । १४ वर्ष मुनिका बालबालिकालाई श्रममा प्रयोग गरेको भन्दै एउटा मोटरसाइकल वर्कसप, एउटा खाजा घर र एउटा सप्लायर्सका सञ्चालकलाई कारबाहीको रुपमा जनही ५ हजार रुपैयाँ जरिवाना गरिएको छ । यस्तै, १८ वर्षमुनिका बालबालिकालाई श्रममा लगाउने अटो वर्कसपका सञ्चालकलाई ३ सय रुपैयाँ र फेन्सीका सञ्चालकलाई ४ सय रुपैयाँ जरिवाना गरिएको छ । मनहरी गाउँपालिकामा बालश्रमको समस्या व्यापक रहेको छ । बालमैत्री घोषणा गरेको ४ वर्ष नाघिसक्दा पनि बारम्बार बालश्रमिक फेला पर्नुले बालमैत्री घोषणालाई निरर्थक बनाएको छ । जिल्लाका अन्य गाउँपालिका पनि बालमैत्री स्थानीय शासन घोषणा भइसकेको र हेटौंडा उपमहानगरपालिकालाई घोषणा गर्ने तयारी भइरहँदा यस्ता सूचकमा ध्यान दिनु आवश्यक छ ।

बाल अधिकारको प्रत्याभूतिसहित बालबालिकाको हरेक पक्षमा संवेदनशील बन्न बालमैत्री स्थानीय शासनको अवधारणा ल्याइएको हो । नेपाल पक्ष भएर गरिएका अन्तर्राष्ट्रिय प्रतिबद्धता, संवैधानिक व्यवस्था, बालबालिकासम्बन्धी ऐन, नियमावली आदिको कार्यान्वयनका लागि पनि बालमैत्री स्थानीय शासनको अवधारणा अघि बढाइएको हो । सरकारले विसं २०८७ सालसम्म सबै स्थानीय तहलाई बालमैत्री बनाउने लक्ष्य पूरा गर्न बालमैत्री स्थानीय शासन कार्यान्वयन निर्देशिका लागू गरेको छ । निर्देशिकाले तोकेको सूचकहरु पूरा गरेपश्चात् विद्यालय, वडा हुँदै पालिकालाई बालमैत्री स्थानीय शासनयुक्त घोषणा गर्न सकिन्छ । जिल्ला समन्वय समितिले अनुगमन गरेर सहमति दिएपछि वडालाई बालमैत्री घोषणा गर्न सकिन्छ । प्रदेश मन्त्रालयबाट अनुगमनपश्चात् बालमैत्री सूचकहरु पूरा भएको निश्चिततापछि प्रदेश मन्त्रालयको स्वीकृति लिएर बालमैत्री स्थानीय शासनयुक्त पालिका घोषणा गर्न सकिन्छ ।

धेरै चरणहरु र सूचकहरु पूरा गर्दै बालमैत्री घोषणा भएपछि कुनै पनि पालिका वास्तविकरुपमा बालमैत्री हुनुपर्छ । बालमैत्री पालिकामै बारम्बार बालश्रममा संलग्न गराइएको पाइनु लाजमर्दो कुरा हो । बालमैत्री घोषणाका लागि प्रशस्त काम र तयारी गरेर व्यवहारमै बालमैत्री बनेपछि घोषणा गर्ने हो । बालमैत्री स्थानीय शासन घोषणा भएपछि उक्त पालिकामा बालबालिकाले निर्दिष्ट सबै अधिकार प्राप्त गरेको हुनुपर्छ । बालमैत्री स्थानीय शासनको दीगोपनाका लागि सम्बन्धित पालिकाले निरन्तर काम गर्नुपर्ने हुन्छ । प्रत्येक २ वर्षमा एक पटक घोषणाको स्वीकृति दिने निकायले अनुगमनसमेत गर्नुपर्ने व्यवस्था छ । बालमैत्री अवधारणा राम्रोसँग बुझेर निर्धारित सूचकहरु व्यवहारमै पूरा भएको प्रत्याभूतिपछि त्यसलाई निरन्तरता दिने सकिने सुनिश्चितता भएपछि मात्र बालमैत्री स्थानीय शासन घोषणा गरेमा घोषणा सार्थक बन्न सक्छ ।

## महत्वपूर्ण फोन नम्बरहरु

| | |
|---|---|
| जिल्ला प्रशासन कार्यालय ५२०४९५ | चित्लाङ इलाका ६२१००० |
| जिल्ला प्रहरी कन्ट्रोल १०० | वारुण यन्त्र १०१ |
| ट्राफिक प्रहरी १०३ | बालबालिका खोजतलास केन्द्र १०४ |
| वडा प्रहरी ५२०२९९ | बाल हेल्पलाइन १०९८ |
| पशुपतिनगर इलाका ५२०५९८ | हेलो सरकार ११११ |
| मनहरी इलाका ९८५५०९०१६१ | नेपाल टेलिकम सोधपुछ १९७ |
| भीमफेदी इलाका ६९१४६२ | एम्बुलेन्स १०२ |
| पालुङ इलाका ६२०४६७ | नेपाल विद्युत प्राधिकरण गुनासो ११५० |
| फापरबारी इलाका ६२१९८० | |

## तपाईको राशिफल



पं. ज्योतिषः तोयानाथ सुवेदी
ॐ तुलसी मेडिकल हल, हेटौंडा-८, कमाने
सम्पर्क : ९७४५०२८५५५


**मेष** : विपरित परिस्थितिलाई जितिने समय योग छ ।
**वृष** : व्यापार-व्यवसायबाट लाभ प्राप्त हुने समय छ ।
**मिथुन** : परोपकार र आनन्दमा मन जाने समय योग छ ।
**कर्कट** : हाँके ताकेका काममा पूर्णता प्राप्त हुने समय छ ।
**सिंह** : विश्वासको कमीले आपसी मनमुटाव बढ्ला ।
**कन्या** : भद्र भलाद्मीको संगतले काममा पूर्णता ।
**तुला** : सामाजिक उत्तरदायित्व बढ्ने समय योग छ ।
**वृश्चिक** : हिम्मत र साहसले काममा पूर्णता प्राप्त ।
**धनु** : नोकरीमा चुनौती र जोखिम झेल्ने समय छ ।
**मकर** : शत्रु र रोगमाथि विजय प्राप्त हुने समय छ ।
**कुम्भ** : परीक्षा, प्रतियोगितामा सरिक भइने समय योग छ ।
**मीन** : सामाजिक र धार्मिक काममा सरिक भइने छ ।

# कर प्रशासन एवं व्यवस्थापन

**नेपालमा संस्थागत आयकर दरको संरचनामा पनि सुधारको खाँचो छ । हाल सहकारी, सामाजिक विद्यालयलगायतका विभिन्न क्षेत्रका लागि कायम गरिएका विभिन्न दरलाई एकीकरण गरेर सबै किसिमको आयमा मध्यम स्तरको एकल दर वा थोरै दर कायम गरिनुपर्छ । नेपालले उपयुक्त प्रावधान आयकर ऐन र कर सन्धिहरू संशोधन गरेर लागू गर्नुपर्छ भनेमा कसैको विमति नहोला ।**



शंकरमान सिंह




नेपाली कर प्रणालीको सबल, दुर्बल, चुनौती र अवसरलाई समग्रमा हेर्दा र विश्लेषण गर्दा मुलुकको विकासको सन्दर्भमा यसको बल, कमजोरी, अवसर र खतराहरूबारे अन्तर्दृष्टि प्रदान गर्न सक्छ । नेपालको करको समस्या भनेको राज्यका तर्फबाट हेर्ने हो भने गएको वर्ष असाधारण वर्ष बन्न पुग्यो । किनभने 'इनकम ट्याक्स टु जिडिपी रेसियो' पनि विगत सोही अवधिको तुलनामा घटेको छ र 'इनकम ट्याक्सको अब्सोल्युट भ्यालु' पनि घटेको छ ।

'भ्याट टु जिडिपी रेसियो' पनि विगतको तुलनामा घटेको छ । एक्साइज ड्युटी टु जिडिपी रेसियो पनि घटेकै छ । टोटल रेभेन्यु र जिडिपी रेसियो पनि घटेकै छ । ट्याक्स रेसियो पनि घटेकै छ । नन-ट्याक्स रेभेन्यु र जिडिपी रेसियो अलिकति बढेको छ । यसो भन्दा राजस्वमा ठूलो समस्या सरकारलाई आयो र सरकार असन्तुष्ट हुनु स्वाभाविक नै थियो । कर प्रशासनमा सुधार ल्याएर धेरैभन्दा धेरै राजस्व संकलन गर्न राज्यले करको दायरा बढाउने र दर घटाउने खालको नीति बनाउनुपर्नेमा कुनै विमति छैन ।

कर प्रणाली सुधारसम्बन्धी उच्चस्तरीय सुझाव समितिले हालै बुझाएको प्रतिवेदनमा करको दायरा बढाएर, कर छुट घटाएर राजस्व संकलन बढाउन सकिने उल्लेख छ । सरकारले चालु आर्थिक वर्षको बजेटमा कर प्रणाली सुधारका लागि सुझाव दिन उच्चस्तरीय समिति बनाउने उल्लेख गरेको थियो ।

सरकारको राजस्व संकलन क्षमतामा आएको कमीका कारण अपेक्षित रूपमा आर्थिक वृद्धि हुन नसकेर संकुचन हुँदै आएको प्रतिवेदनको निष्कर्ष छ । करको जोखिमभार हेर्न छुट्टै निकाय जरुरी रहेको तथा राजस्व न्यायाधिकरणको विद्यमान संरचनामा परिवर्तन जरुरी रहेको पनि प्रतिवेदनले जनाएको छ । पछिल्लो दशकमा राजस्व वृद्धि हुन नसक्नुमा छुट पनि एउटा कारण रहेको प्रतिवेदनमा उल्लेख छ । 'राजस्व छुट नभई करको दायरा बढाउने र कर घटाउने नीति श्रेयस्कर देखिन्छ,' प्रतिवेदनमा भनिएको छ । नेपालमा कर राजस्वसम्बन्धी उपलब्ध जानकारीमा आधारित एक संक्षिप्त सिंहावलोकन गर्ने दृष्टता यहाँ गरिएको छ ।

राजस्व सिर्जनाः कर सरकारको राजस्वको प्राथमिक स्रोत हो र विकास आयोजनाहरूका लागि वित्त पोषणका लागि महत्वपूर्ण हुन्छ । कर नीति सुधार अन्तर्गत लगानी र वृद्धिलाई टेवा पुऱ्याउन कर नीति सुधार गर्ने प्रयासहरू उल्लेख गरिएका हुन्छन् ।

कमजोरीः चुनौतीहरूमा कम कर उपज जवाफदेहिता र उत्पादकत्व समावेश हुन सक्छन् । संकीर्ण कर आधारअन्तर्गत सम्भावित राजस्व संकलनलाई सीमित गर्दै करको आधार साँघुरो हुन सक्छ ।

कर प्रशासनः कर प्रशासनको दक्षता र प्रभावकारिताका बारेमा चिन्ता र चासो हुनु स्वाभाविक हो ।

अवसरः नीति सुधारअन्तर्गत करको आधारलाई फराकिलो पारी संरक्षण गर्ने तथा कर कानुन मिलाउने अवसरहरू हुन्छन् । साथै, आर्थिक वृद्धिमा कर सुधारले सम्भावित रूपमा उत्पादकत्व र राष्ट्रिय आयमा वृद्धि गर्न सक्छ ।

चुनौतीः बाह्य निर्भरतामा सहायता र ऋणजस्ता बाह्य स्रोतहरूमा उच्च निर्भरता जोखिमपूर्ण हुन सक्छ । स्रोत बाँडफाँड गर्दा कर प्रणालीले स्रोतको गलत बाँडफाँडबाट जोगिन र समानता सुनिश्चित गर्नुपर्छ । कर प्रशासनका लागि नेपालको रणनीतिक योजनामा उल्लिखित विशिष्ट उद्देश्य, रणनीति र मुख्य कार्यसम्पादन सूचकहरूलाई विचार गर्न आवश्यक छ ।

यो नोट गर्न महत्वपूर्ण छ कि कर विकासका लागि आवश्यक भए तापनि नेपाल कल्याणकारी राज्य भएकाले तिनीहरू आर्थिक वृद्धि र निष्पक्षताको आवश्यकतासँग पनि सन्तुलित हुनुपर्छ । साथै, करमा विवाद आउन नदिन राजस्व बोर्ड गठन गर्न पनि विगतदेखि निजी क्षेत्रलगायतले सुझाव दिएको तर कार्यान्वयन हुन नसकेको क्षेत्र हो । करमा स्थिरताका लागि व्यावसायिक जगत् एकजुट हुनुपर्ने, प्रभावकारी कर नीति, जसले दिन सक्छ अर्थतन्त्रलाई गति, त्यसैले दिन सक्छ । त्यसो भएकाले व्यावसायिक जगत् नै विभाजित रहेकाले पनि करमा स्थिरता नभएको मत राख्नेहरू पनि छन् । एउटा समूहले कुनै वस्तुको भन्सार दर बढाउनुपऱ्यो भन्छ । अर्को समूहले हाम्रो मुख्य कच्चा पदार्थ भएकाले बढाउनु हुँदैन भन्छ । व्यवसायीमा नै एकमत छैन ।

हालै सरकारले लगानी सम्मेलन गरेर नेपालमा व्यवसाय गर्न आग्रह गरिरहेको अवस्थामा राम्रो सन्देश प्रवाह गर्न पनि 'कर्पोरेट ट्याक्स' का दर घटाउनुपर्ने आवश्यकता आवश्यक र अनिवार्य छ । हुन त अर्थमन्त्रीले आश्चर्यमा पार्ने गरी करका दर हेरफेर नगर्ने बताएका छन् । उनी भन्छन्, 'आश्चर्यमा पार्ने गरी करका दर हेरफेर गर्दैनौं । उद्योगी-व्यवसायीको अर्बौं लगानी परेको हुन्छ । त्यसलाई डुबाउने खालको कर नीति लिंदैनौं । राजस्व प्रशासन विशिष्ट प्रकारको हुन्छ । मान्छे, समूह र घराना हेरेर निर्णय गरिंदैन,' उनले भने, 'उद्योगलाई प्रवर्द्धन र संरक्षण गर्नुपर्नेछ । राजस्व पनि संकलन गर्नुपर्नेछ । त्यसलाई ब्यालेन्स गरेर जान्छौं ।'

उनले व्यापारीहरूबाट भारतको जस्तै वस्तु तथा सेवा कर (जिएसटी) प्रणाली अवलम्बन गर्न दबाब रहेको तर त्यस्तो प्रणालीमा नजाने बताए । 'भारत जिएसटीमा गएको र खुला सीमाका कारण हामीमाथि पनि दबाब छ । अहिलेको कर प्रणाली वैज्ञानिक भएकाले उच्चस्तरीय कर सुधार आयोगले भारतको जस्तो कर प्रणाली अपनाउने सुझाव दिन सकेको छैन,' उनले भने ।

सामान्यतया इतिहासलाई सरसरी हेर्दा, व्यक्तिगत आयकरलाई प्रगतिशील दरले लगाउने मान्यताअनुसार विश्वमै सर्वप्रथम सन् १७९९ मा बेलायतमा लागू गरिएको पहिलो आयकरअन्तर्गत आयको पहिलो स्ल्याब बेलायती पाउन्ड ६० लाई कर छुट दिई त्यसमाथिको आयमा ०.१ देखि १० प्रतिशतसम्मका प्रगतिशील दरले कर लगाइएको देखिन्छ । अन्य करहरूझैं आयकर पनि मूलभूत रूपमा राजस्व परिचालन गर्नका लागि लगाइन्छ र यो प्रमुख कर हो ।

यसका अतिरिक्त व्यक्तिगत आयकर समाजमा आयको असमान वितरण कम गर्ने उद्देश्यले पनि लगाइन्छ । यसले गर्दा व्यक्तिगत आयकर प्रगतिशील दरले लगाइन्छ । यस किसिमको कर लगाउने व्यवस्थाले गर्दा कम आय हुनेले कम र बढी आय हुनेले बढी दरले कर तिर्नुपर्छ, जसले गर्दा समाजमा आयको असमान वितरण कम हुन गई सामाजिक न्याय र प्रगतिशील कर व्यवस्था लागू भएको भनिन्छ ।

यसमा उल्लेख गरिएअनुसार नेपालमा आयकर नलाग्ने आयको पहिलो स्ल्याब दक्षिण एसियाली मुलुकहरूमध्ये अफगानिस्तान र माल्दिभ्सबाहेक अन्य मुलुकहरूको आयकर नलाग्ने आयको हाराहारीमै छ भने अमेरिकी डलर ६० हजारसम्मको आयमा लाग्ने व्यक्तिगत आयकरको वैधानिक दर र औसत प्रभावकारी दर नेपालमा सबैभन्दा धेरै छ । नेपालको व्यक्तिगत आयकरको उच्चतम वैधानिक सीमान्त दर ३९ प्रतिशत छ भने प्रभावकारी दर ३२.९३ प्रतिशत छ । यी दुवै दर दक्षिण एसियाकै उच्च दर हुन् ।

नेपालमा संस्थागत आयकर दरको संरचनामा पनि सुधारको खाँचो छ । हाल सहकारी, सामाजिक विद्यालयलगायतका विभिन्न क्षेत्रका लागि कायम गरिएका विभिन्न दरलाई एकीकरण गरेर सबै किसिमको आयमा मध्यम स्तरको एकल दर वा थोरै दर कायम गरिनुपर्छ । नेपालले उपयुक्त प्रावधान आयकर ऐन र कर सन्धिहरू संशोधन गरेर लागू गर्नुपर्छ भनेमा कसैको विमति नहोला ।

अर्कातर्फ, सीमावर्ती क्षेत्रमा मौलाएको तस्करीले सरकारको राजस्वमा ठूलो नोक्सानी पुऱ्याउने गरी प्रतिस्पर्धात्मक करको दर लागू गर्न निजी क्षेत्रले सरकारलाई आग्रह गरेको देखिन्छ । सरकारले आर्थिक मन्दीका कारण प्रगतिशील कर प्रणाली लागू गर्नुपर्नेमा जोड दिएको छ । यस्तो कर प्रणालीले मागलाई उत्प्रेरित गर्ने र आर्थिक गतिविधिलाई प्रोत्साहन गर्ने भनाइ छ । कर नीतिहरूले सामान्यतया आर्थिक अवस्थालाई असर गर्छ ।

निजी क्षेत्र भन्छ, 'नेपाल र भारतको खुला सिमाना भए पनि दुई छिमेकीबीच वस्तु तथा सेवाको मूल्यमा ३० देखि ४० प्रतिशत अन्तर छ । मूल्य भिन्नताका कारण सीमापार तस्करी फस्टाउँदै छ ।' तस्करी नियन्त्रण गर्न करका दरलाई प्रतिस्पर्धी बनाउनुपर्ने उनीहरूको राय छ ।

नेपालमा सवारी साधन करको दर किन यति धेरै ? सडकमा ट्राफिक नियन्त्रण गर्न सरकारले कर बढाएको छ र यो मात्र समाधान हो भनेर भनिरहेका छन् । यदि तपाईंले धेरैजसो विकसित देशलाई हेर्नुभयो भने तिनीहरूले सवारी साधन आयातमा २ सय प्रतिशत कर वा अन्तःशुल्क कहिल्यै लगाएनन् । किनभने तिनीहरू सचेत छन् कि यो मूर्ख नीति हो र उनीहरूका नागरिकलाई पीडा दिनुपर्छ ।

यी विकसित देशहरूले जनताबाट कम आयात कर र वार्षिक सडक कर उठाएर सडक निर्माणमा लगानी गरे । कम भ्रष्टाचार, उत्कृष्ट योजना र नेतृत्वका कारण उनीहरू सफल हुन्छन् । बढी आयात कर असुली गर्दा ट्राफिक भीडको समस्या समाधान हुने भए नेपालले अहिलेसम्म समाधान गरिसकेको हुन्थ्यो र अन्य देशले पनि त्यसलाई पछ्याउने थिए । दुर्भाग्यवश यो झन् खराब हुँदै छ ।


कार मात्र होइन, मोटरसाइकलमा पनि उच्च आयात कर छ । हामीले भारतीय मोटरसाइकलका लागि लगभग दोब्बर मूल्य तिरिरहेका छौं, बरु नेपालीले छोराछोरीलाई राम्रो स्कुलमा पढाउन, जग्गामा लगानी गर्न र धेरै-धेरै पैसा बचत गर्न सक्थ्यौं । यो पनि ध्यान दिनुपर्छ कि यी सबै सार्वजनिक माइक्रो भ्यान र बसहरू, जुन हामीले दैनिक रूपमा यात्रा गर्छौं, दोब्बर मूल्यमा खरिद गरिएको थियो, त्यसैले हामीले तिनीहरूको लागत कभर गर्न उच्च यात्रा शुल्क तिरिरहेका छौं । हाम्रा खाद्यान्न र तरकारी पनि यी महँगा गाडीबाट ढुवानी भइरहेका छन् । अनुमान लगाउनुहोस् कि लागत कसले तिर्छ, हामी उपभोक्ताले । आयातित सवारी साधनमा बढी कर लगाउनुले समग्र अर्थतन्त्रमा नराम्रो असर पार्छ ।

करका लागि पेट्रोल गाडी कम भए सडक मर्मत कर कसले तिर्ने ? पहिलो उदाहरणमा, सरकारले (स्थानीय, प्रदेश र संघीय) सडक मर्मत-सम्भारका लागि भुक्तानी गर्छ । अन्ततः मानिसहरूले कर र शुल्कमार्फत सडक मर्मतका लागि तिर्छन् । अहिले मुख्यतया इन्धनमा लाग्ने कर, खास गरी इलेक्ट्रिक गाडीमा कम भन्सार दर छ । के बजेटमा यो दर बढ्ने सम्भावना छ ? यहाँ हामीसँग इन्धनमा कर छ, तर यो सीधै राजस्वमा जान्छ र जोकोहीले आफ्नो सडक कर सडकमा मात्र खर्च हुन्छ भन्ने सोच्ने सपना पनि देख्न सक्छन् । यदि विद्युतीय गाडीको मूलधारमा बन्छन् भने के यो थप विद्युतीय कर हुनेछ, जुन सबै विद्युतीय आवश्यकतामा लागू हुनेछ वा कर अनुमति वा सडक करमा थपिनेछ ? यो कतैबाट आउनेछ ।

सरकारले निर्णय गर्छन् जुन सधैं समझदार तर्कमा आधारित हुँदैनन्, त्यसैले कसलाई थाहा छ कि राजस्वमा कुनै कमीको क्षतिपूर्ति कसरी हुन्छ ।


*(स्रोतः कारोबारदैनिक)*

# चित्रकला





यमना गौतम
कक्षा-९, जिएस निकेतन
हेटौंडा-४





आरुष चौधरी
कक्षा-६, सिद्धार्थ सिसुसदन
हेटौंडा-२





श्रृष्टि श्रेष्ठ
एलकेजी, लिटिल बड्डी प्रि-स्कुल
हेटौंडा-४

## विद्यालय



**मान्यता खतिवडा**

ज्ञानको उच्च शिखर अब छुनेछौँ हामीले
भविष्य हाम्रो झल्किने भयो ज्ञानको खानीले ॥

किताबको यो पानामा हेर कति पो शब्द हो
मन्दिरभित्र शब्दको खेल अनौठो सीप हो ॥

ज्ञानको मन्त्र जपेर बने विद्यार्थी सिपालु
शिक्षक जति कुनै त सोझा कोही छन् रिसालु ॥

कहिले हाँसो कहिले हेर टाउको दुखेर
किताबी शब्द हेरेको आयो परीक्षा भनेर ॥

शिक्षक सबै देवता बने ज्ञानको मन्दिरमा
विद्यार्थीका ती सपना बोक्न आए संसारमा ॥

सबै नै कुरा पढेर साथै परेर सकिन्छ
नैतिक शिक्षा ज्ञानको बीउ जीवनमा चाहिन्छ ॥

हातमा मसी लागेको अनि ठेला नि उठेको
दिनहुँ उठी पिठिउँमा झोला लिई हिँडेको ॥

सानो छ जीवन ठूलो छ लक्ष्य यहाँ छ महत्व
विद्यार्थीहरु पढी र लेखी झल्काए अस्तित्व ॥

कलमको यो मसीले अब पानामा कोरेको
दुःख र कष्ट भए तापनि पढ्न है सरेको ॥

विद्याको मन्दिर सजियौं हेर सबै मिलेर
ज्ञानको शब्द दोहोऱ्याउँ अब सबै जुटेर ॥

*कक्षा-९, नवोदय शिशु सदन, हेटौंडा-४*

## प्यारो मेरो देश



**रचना गुरागाईं**

बीर छन् गोर्खाली अनि सगरमाथा शिर
देशको लागि लड्नु पर्छ एकजुट भएर
फरक फरक भाषा यहाँ फरक फरक जात
अटल रहोस् सधैंभरी हामी नेपालीको साथ

हिमाल राम्रो हिउँले, टलक्क टल्केको
नेपाली राम्रो आफ्नै पहिरनमा झल्केको
हरियाली नै हो नेपालको सुन्दर धन
सहयोग र सद्भाव गर्ने नेपालीको मन

गौतम बुद्ध जन्मिएको शान्तीको यो देश
संस्कृतिले भरिएको नेपालकै भेष
बीर छन् गोर्खाली अनि सगरमाथा शिर
देशको लागि लड्नु पर्छ एकजुट भएर

*कक्षा-८, सनराइज इङलिस बोर्डिङ स्कूल*
*हेटौंडा-१२, पदमपोखरी*

## आमा



**राम सहनी**

तपाइँ मेरो लागि भगवान हो आमा
तपाइँ मेरो लागि संसार हो आमा
तपाइँ बिना म बाँच्न सक्दिन आमा

कति पिडा सह्यौ मेरो लागि आमा
कति सपना आफ्नो आमा छोड्यौ मेरो लागि
कति दुःख गर्यौ आमा मेरो भविष्यको लागि
कति दिन अझै दुःख सहन्छौ मेरो लागि

मेरो पहिलो शिक्षा दिने मेरो शिक्षक बन्यौ मेरो आमा
मेरो पहिलो साथ दिने साथी बन्यौ मेरो आमा
मेरो पहिलो स्वास्थ्य हेर्ने डाक्टर बन्यौ मेरो आमा
मेरो सबै कुराको ध्यान राख्ने मेरो संसार नि बन्यौ मेरो आमा

आफु भन्दा नि बढी माया गनुहुन्छ तपाइँ मलाई मेरो आमा
मान्छु तपाइँ भगवान हैन आमा तर पनि
तपाइँ मेरो लागि भगवान भन्दापनि कम छैन नि मेरो आमा

*कक्षा-१०, सिद्धार्थ माध्यमिक विद्यालय मकवानपुर*
*हेटौंडा-२*

## गणतन्त्र



**सदीक्षा नेपाल**

गणतन्त्र आए पनि देशमा विकास भाको छैन
व्यवस्था नै फेरे पनि नियत फेरिएको छैन
नागरिकले सुखी भई जिउन पाउने कहिले होला ?
देश बनाउछु भन्नेहरू इमानदार कहिले बन्ने होला ?

आयो आयो आयो हजुर गणतन्त्र आयो
तर गणतन्त्रले खै के चैं सुधार ल्यायो ?
पहिला एकले देश चलाउँथे अहिले हजार भाछन्
देश विकासको बजेट पनि निजी खर्चमा लाछन्

नेता मात्र हैन हजुर जनता नि त्यस्तै
चुनाव आउनु हुन्न यहाँ खानैपर्ने पैसै
आफ्नो पक्ष लाग्ने जति सबै राम्रो हुने
राम्रा र दक्ष जति परदेश तिरै भाग्ने

राजतन्त्र फिर्ता हैन, गणतन्त्रमा सुधार गरौँ
असल जनप्रतिनिधि छानी देशलाई अब उज्ज्वल पारौँ

*कक्षा-८, प्रगति मावि, हेटौंडा-९*

## मेरो सबथोक मनपर्छ



**कृतिका हुमागाईं**

मलाई म मनपर्छ
मलाई मेरो सबथोक मनपर्छ

मलाई खुलेको कपाल मेरो मनपर्छ
मलाई ओठमा खुलेको त्यो मुस्कान मनपर्छ

मलाई मनपर्छ मेरो आँखा
मनपर्छ मलाई मेरो बोलि र भाकाछ

मलाई मनपर्छ मेरो ओठमा लाली
मलाई मनपर्छ मेरो कानमा बाली

हो हो मलाई मनपर्छ
मलाई मेरो सबथोक मनपर्छ

*कक्षा-१०, सिद्धार्थ माध्यमिक विद्यालय*
*हेटौंडा-२*

## मेरो विद्यालय



**सिद्धार्थ लामिछाने**

जान्छौँ हामी विद्यालय रमाई रमाई
पढ्न भनी कापी किताब हातमा समाई
सबै साथी मिलिजुली पढ्छौं बसेर
एउटै घरमा छोरा छोरी जस्तै गरेर ।।

स्कुल तिमी विद्याकी देवी हाम्री आमा हौँ
ज्ञानको ज्योति छरेर भविष्य उज्ज्वल बनाउँछौँ
ठूला,बडा, सानालाई ज्ञानको ज्योति छर्छौ
ठूला मान्छे बन्न हामी सबैलाई सहयोग गर्छौ ।।

विद्यालयले बाड्छ सबैलाई राम्रो राम्रो शिक्षा
शिक्षा पाउने हो सबै मानिसहरुको इच्छा
विद्यालयबाट मानिसहरु धेरै कुरा सिक्छन्
त्यसैले गर्दा तिनीहरु सत्यको बाटोमा हिँडछन् ।।

यहाँ शिक्षक शिक्षिकाहरुले पढाउँछन्
ठूलो मान्छे बनाएर आफ्नो सान बढाउँछन्
जति छन् यहाँ शिक्षितहरु अब तिम्रा सन्तान
यी तिम्रा न्यायो काखमा हुर्केका तमाम ।।

*कक्षा-७ 'अन्नपूर्ण'*
*बालजागृति इंग्लिस सेकेण्डरी स्कुल*

### बुधबारे बालसाहित्य विशेषबारे



यो स्तम्भमा हामी विद्यार्थीको परिचय, विद्यार्थीका रचना, घरमा अभिभावक र बालबालिका अध्ययन गर्दै गरेको तस्वीर, अन्तरवार्ता समावेश गर्नेछौं । आशा छ हामीले विद्यार्थीलाई अध्ययन र लेखनमा प्रेरित गर्न सकारात्मक योगदान गर्न सक्नेछौं ।

**सम्पादक ।**

के तपाइ' आफ्नो व्यवसायको विज्ञापन गरेर व्यावसायिक प्रवर्द्धन गर्न चाहनुहुन्छ ? यदि त्यसो हो भने सम्पर्क गर्नुहोस् ०५७-५२६८३०

Email:sambridhasamaj@gmail.com

हेटौंडा रिफरेन्स ल्यावरोटरी

ELISA, CLIA तथा फुल्लि अटोमेटेड मेसिनद्वारा रगतको स्पेसल जाँचहरु गरिन्छ ।



Papcytology
-थाईराईड
-क्यान्सर
-रक्तअल्पता
-वाथरोग
-बाँझोपन
-भाइरस सम्बन्धी सम्पूर्ण परीक्षण गरिन्छ ।

साथै रगत, दिसा, पिसाब, पिप कल्चर समेत गरिन्छ ।

(HRL)

खुल्ने समयः विहान ७ :00 बजेदेखि बेलुका ७ :00 बजेसम्म

सञ्चालनको छोटो अवधिमै हाम्रो सेवालाई विश्वास गर्दै सेवा गर्ने अवसर दिनुहुने सम्पूर्ण सेवाग्राहीप्रति आभारसहित अब प्रत्येक महिनाको दोस्रो शनिबार सुगर जाँच निशूल्क र चौथो शनिबार थाइराइड जाँचमा ५0 प्रतिशत छुट हुने सहर्ष जानकारी गराउँदछौं ।

थप जानकारीको लागि HRL

हेटौंडा रिफरेन्स ल्यावरोटरी

हेटौंडा-१, भिन्तुनापथ सम्पर्क फोन नं.: ०५७-५२०४५७

# मकवानपुरको सहकारीमा जटिल समस्या छैनन्: अध्यक्ष देवकोटा

समाज संवाददाता

हेटौंडा: बागमती प्रदेश सहकारी विकास बोर्डका उपाध्यक्ष तथा जिल्ला सहकारी संघ मकवानपुरका अध्यक्ष नारायणप्रसाद देवकोटाले मकवानपुर जिल्लाको सहकारीमा जटिल समस्या नभएको बताउनुभएको छ । अध्यक्ष देवकोटाले एक कार्यक्रममा सहकारीहरुमा भएको समस्याहरु समाधान गर्न सकिने बताउनुभएको हो ।

हेटौंडा उपमहानगरपालिकामा सहर केन्द्रित सहकारीका उपभोक्ताको अपेक्षा ठूलो भएको बताउँदै उक्त क्षेत्रमा हेटौंडा उपमहानगरपालिकाले गरेको अनुगमन प्रभावकारी रहेको देवकोटाको भनाइ छ । 'मकवानपुरको सहकारीहरु कुनै सुधार भएका छन् भने कुनै सुधारका क्रममा छन्', देवकोटाले भन्नुभयो- 'सुधार हुने सहकारीलाई सुधार गर्न र सुधार नहुने सहकारीलाई कारवाही गर्न आवश्यक छ ।' धेरै सहकारीका सदस्यहरुले ऋण तिर्न आवश्यक नरहेको अनुभूति गरिरहेकाले त्यसलाई निवारण गर्न बागमती प्रदेश सहकारी महाशाखाले जस्तै स्थानीय तहले पनि परिपत्र जारी गर्नुपर्ने अध्यक्ष देवकोटाले बताउनुभयो ।

मंगलबार मकवानपुर जिल्ला बहुउद्देश्यीय सहकारी संघ लिमिटेडले सहकारीमा सुशासन: प्रविधि र एकीकरण विषयमा एक दिवसीय अनुशिक्षण कार्यक्रम आयोजना गरेको छ । हेटौंडा उपमहानगरपालिकाको सहयोगमा भएको कार्यक्रममा बहस तथा अन्तरक्रिया कार्यक्रमसमेत भएको थियो । कार्यक्रममा मकवानपुर जिल्ला बहुउद्देश्यीय सहकारी संघका अध्यक्ष रामहरि न्यौपानेको अध्यक्षता रहेको थियो भने जिल्ला सहकारी संघ मकवानपुरका अध्यक्ष देवकोटाको प्रमुख आतिथ्य रहेको थियो ।

सहकारी सचेतना कार्यक्रमअन्तर्गत् जिल्लाका बहुउद्देश्यीय सहकारी संस्थाका अध्यक्ष, उपाध्यक्ष, सञ्चालक सदस्य, ऋण तथा लेखा संयोजक र व्यवस्थापकहरुबीच सहकारीमा सुशासन, प्रविधि र एकीकरणसम्बन्धी एक दिने अनुशिक्षण कार्यक्रम सञ्चालन गरिएको हो ।

'अन्य सहकारीका कुरा सिकौं र आफ्नो सहकारीमा कार्यान्वयन गरौं' भन्ने उद्देश्यले कार्यक्रम आयोजना गरिएको हो । हेटौंडा उपमहानगरपालिकाभित्र रहेका २ सय १३ वटा सहकारीमध्ये १९ वटा बहुउद्देश्यीय सहकारी छन् ।

सहकारीले आयआर्जनमा लगानी गर्न नसकेको हेटौंडा उपमहानगरपालिका सहकारी विभाग प्रमुख हिमप्रसाद पौडेलले बताउनुभयो । सहकारीको आम्दानीलाई आयआर्जनमा जोडिएन भने सहकारी जहिंको त्यहिं रहने पौडेलको भनाइ छ । सहकारीलाई हेर्ने दृष्टिकोणमा परिवर्तन आएको भन्दै सहकारीहरुले सामाजिक रुपान्तरणमा जोड दिनुपर्ने उहाँले बताउनुभयो । उहाँले हेटौंडा उपमहानगर पालिकाले आगामी आर्थिक वर्षमा २० वटा उद्योग सञ्चालन गरी एक हजार जनालाई रोजगारी दिने परिकल्पना गरेको जानकारी दिनुभयो ।

# सप्ताहव्यापी कार्यक्रम गरेर विश्व वातावरण दिवस मनाइँदै




समाज संवाददाता

हेटौंडा: हेटौंडाको विभिन्न स्थानमा साप्तहव्यापी कार्यक्रम गरेर विश्व वातावरण दिवस मनाइँदैछ । हेटौंडा उपमहानगर पालिकाको टोल विकास संस्था नगर समन्वय समितिले जेठ १७ गतेदेखि २३ गतेसम्म विभिन्न कार्यक्रम आयोजना गरी वातावरण दिवस मनाउने भएको हो ।

टोल विकास संस्था नगर समन्वय समितिले पहिलेदेखि वातावरण दिवस मनाउँदै आएको छ । यस वर्ष सप्ताहव्यापी रुपमा 'आवर ल्याड, आवर फ्युचर, वि आर जेनेरेसन रेस्टोरेसन' भन्ने मुल नाराका साथ ५२ औं विश्व वातावरण दिवस मनाइँदैछ ।

सप्ताहव्यापी कार्यक्रमको पहिलो दिन जेठ १७ गते हेटौंडा-१९, बस्तीपुरमा रक्तदान कार्यक्रम गरिने भएको छ । जेठ १८ गते हेटौंडा-१०, फरेष्ट्री गेट अगाडिबाट बसपार्कसम्म फोहोर खोज चुनौती कार्यक्रम आयोजना गरिनेछ । सोही दिन बसपार्कमा प्लाष्टिकजन्य सामग्रीहरुको बिक्री वितरण नियन्त्रण गर्न सचेतना अभियान सञ्चालन गरिनेछ ।

जेठ १९ गते नगरभरका टोल विकास संस्थाहरुमा सफा हेटौंडा अभियानअन्तर्गत् टोल विकास संस्थामा सरसफाई कार्यक्रम र वन विज्ञान अध्ययन संस्थानमा वातावरण र बालबालिकालाई नजिक्याउन प्राकृतिक वातावरणमा मेयर र उपमेयर सँग बालबालिका कार्यक्रमको आयोजना गरिने भएको छ । यस्तै, जेठ २० गते रोयल प्यालेस, हेटौंडाम 'फोहोरमैला व्यवस्थापनमा स्थानीय नागरिकको भूमिका' विषयक बाल क्लबस्तरीय निबन्ध लेखन प्रतियोगिताको आयोजना गरिएको छ । २१ गते हेटौंडा-४, हुप्रचौरदेखि हेटौंडा उपमहानगरपालिकाको कार्यालयसम्म वातावरणीय सचेतनामूलक साइकल र्‍याली तथा सम्मान कार्यक्रम गरिने भएको छ ।

जेठ २२ गते हेटौंडा-५, मनकामना मन्दिर जाने बाटो र हेटौंडा-२, जलेश्वर मन्दिर परिसरमा वृक्षरोपण कार्यक्रम र रोयल प्यालेस हेटौंडामा खेर गएका वस्तुहरुबाट उत्पादित सामग्रीहरुको प्रतिस्पर्धा कार्यक्रम रहेको छ । यस्तै, कार्यक्रमको अन्तिम दिन रोयल प्यालेस हेटौंडामा कपडाको झोला वितरण कार्यक्रम रहेको छ भने सोही दिन हेटौंडा-४, हुप्चौरबाट सुरु भई रोयलसम्म वातावरणीय सचेतनामूलक र्‍याली र सम्मान तथा पुरस्कार वितरण गरी सप्ताहव्यापी कार्यक्रमको समापन गरिनेछ । सचेतनामूलक र्‍यालीमा सबैले सहभागिता जनाउन पाउनेछन् ।

उक्त कार्यक्रमका लागि हेटौंडा उपमहानगरपालिकाले ६ लाख रुपैयाँ बजेट वियोजन गरेको छ भने अन्य संघसंस्थासँग समन्वय गर्ने टोल विकास संस्था नगर समन्वय समिति अध्यक्ष ध्रुवप्रसाद अधिकारीले बताउनुभयो । गतवर्ष वातावरण दिवसका लागि १० लाख रुपैयाँ बजेट छुट्याइएको थियो । हेटौंडामा ३ सय ६५ वटा टोल विकास संस्था रहेको छन् भने १९ वटा वडामा १७ वटा वडा समन्वय समिति रहेको छ ।

# प्रदेशका ४ जिल्लामा ५ जनाको मृत्यु

समाज संवाददाता

हेटौंडा: बागमती प्रदेशको ४ जिल्लामा विभिन्न घटनामा एकैदिन ५ जनाको मृत्यु भएको छ । प्रदेशको नुवाकोट, धादिङ, चितवन र सिन्धुली जिल्लामा ५ जनाको मृत्यु भएको बागमती प्रदेश प्रहरी कार्यालय हेटौंडाले जानकारी दिएको छ ।

नुवाकोट जिल्लाको किस्पाङ गाउँपालिका-५, मानेगाउँमा खुकुरी प्रहारबाट एक जनाको मृत्यु भएको छ । मृत्यु हुनेमा ७० वर्षीय खमसिङ तामाङ रहेको प्रहरीले जानकारी दिएको छ ।

सोमबार ६० वर्षीय सिंहबहादुर तामाङले धारिलो हतियार (खुकुरी) ले घाँटीमा प्रहार गर्दा खमसिङको घटनास्थलमा नै मृत्यु भएको थियो । खुकुरी प्रहार गर्ने सिंहबहादुरलाई प्रहरीले नियन्त्रणमा लिई अनुसन्धानका लागि जिल्ला प्रहरी कार्यालय नुवाकोट लगेको प्रहरीले जानकारी दिएको छ ।

धादिङ जिल्लाको बेनिघाट रोराङ गाउँपालिका-१०, बाँदरेमोडमा एक जना पुरुष मृत फेला परेका छन् । मृत फेला पर्नेमा काभ्रे जिल्ला भुम्लु गाउँपालिका-१ का ५३ वर्षीय लोकराज गिरी रहेको प्रहरीले जानकारी दिएको छ ।

सोमबार घुम्तीस्थित पृथ्वी लोकमार्गमा सडकको नालीमा गिरी मृत अवस्थामा फेला परेका थिए । मुचुल्कापश्चात् शव पोष्टमार्टमका लागि टिचिङ अस्पताल काठमाडौं लगिएको प्रहरीले जानकारी दिएको छ ।

धादिङ जिल्लाकै निलकण्ठ नगर पालिका-३ मा खोलामा डुबेर एक जनाको मृत्यु भएको छ । मृत्यु हुनेमा माछा मार्ने क्रममा निलकण्ठ नगरपालिका-४, सिम्ले गैह्रीका ६५ वर्षीय भक्तबहादुर आले मगर रहेको प्रहरीले जानकारी दिएको छ । सोमबार बेलुका ५ बजेर ३० मिनेटको समयमा अरण खोलामा डुबी मगर मृत अवस्थामा फेला परेका थिए ।

चितवन जिल्लाको इच्छाकामना गाउँपालिका-६, कालीखोला पञ्चदेवी मन्दिरमा एक जना युवा मृत फेला परेका छन् । मृत फेला पर्नेमा पानगढी घर भई हाल इच्छाकामना गाउँपालिका-५, मुग्लिन बजारका १८ वर्षीय रवि गुरुङ रहेको प्रहरीले जानकारी दिएको छ । सोमबार बिहान ८ बजेर ४० मिनेटको समयमा त्रिशुली नदी किनारमा गुरुङ मृत अवस्थामा फेला परेका थिए ।

सिन्धुली जिल्लाको सुनकोशी गाउँपालिका-६, खाल्टेमा एक जना महिलाको मृत्यु भएको छ । मृत्यु हुनेमा रामेछाप जिल्लाको रामेछाप नगरपालिका-७, गोल्माटारका ४० वर्षीया भवानी विक रहेको प्रहरीले जानकारी दिएको छ ।

सोमबार सुनकोशी नदीमा गई नुहाएर फर्कने क्रममा विक बिच बाटोमा अचेत अवस्थामा फेला पारी घरमा पुर्‍याउँदा मृत्यु भएको प्रहरीले जानकारी दिएको छ । मुचुल्कापश्चात् शव पोष्टमार्टमका लागि जिल्ला अस्पताल लगिएको प्रहरीले जानकारी दिएको छ ।

# ५१ जनाले गरे रक्तदान

समाज संवाददाता

हेटौंडा: मकवानपुरको बागमती गाउँपालिकामा ५१ जनाले रक्तदान गरेका छन् । नेपाल रेडक्रस सोसाइटी फापरबारी उपशाखाको आयोजनामा भएको कार्यक्रममा ६ जना महिला र ४५ जना पुरुषले रक्तदान गरेका हेटौंडा रक्तसञ्चार केन्द्रका प्राविधिक किशोर सापकोटाले जानकारी दिनुभयो ।

गणतन्त्र दिवसको अवसर पारेर कार्यक्रम आयोजित गरिएको हो । गाउँपालिकाका अध्यक्ष सर्केश घलानले रक्तदान गर्नु भएपछि कार्यक्रम सुरु भएको सापकोटाले बताउनुभयो । कार्यक्रम हेटौंडा रक्तसञ्चार केन्द्रको प्राविधिक सहयोगमा भएको हो ।

# हेटौंडा-१७ का ४ सहीद परिवारलाई सम्मान

समाज संवाददाता

हेटौंडा: १७ औं गणतन्त्र दिवसको अवसरमा योङ्ग कम्युनिष्ट लिग (वाईसीएल) हेटौंडा उपमहानगर कमिटीले सहीद परिवारलाई सम्मान गरेको छ । मंगलबार बिहान दोसल्ला ओढाएर नगद ३ हजार रुपैयाँसहित ४ परिवारलाई सम्मान गरिएको वाईसीएल हेटौंडा उपमहानगर कमिटीका अध्यक्ष मदन उप्रेतीले जानकारी दिनुभयो ।

उपमहानगर अध्यक्ष उप्रेतीको अध्यक्षता तथा नेकपा माओवादी केन्द्रका केन्द्रीय सदस्य तथा मकवानपुर जिल्ला इन्चार्ज विजय गौतमको प्रमुख आतिथ्यमा भएको कार्यक्रममा नेकपा माओवादी केन्द्रको मकवानपुर जिल्ला संयोजक भिम पाखिन, प्रदेश सदस्य विवेक राई, हेटौंडा उपमहानगर कमिटी अध्यक्ष तीर्थ थापा मगर, वाईसीएल जिल्ला संयोजक लवराज ठकुरी, जिल्ला सचिव मुक्ति लामाको पनि आतिथ्य रहेको थियो ।



## हार्दिक आमन्त्रण



जन्म: २००७ फागुन १२ गते

स्व. पुतलीमाया थिङ

स्वर्गारोहण: २०८१ बैशाख २७ गते

हाम्री ममतामयी माता **पुतलीमाया थिङ**को ७३ वर्षको उमेरमा दुःखद् निधन भएको **२१ औं दिनको पुण्यतिथिमा** दिवंगत आत्माको चिरशान्तिको कामना गर्दै हार्दिक श्रद्धाञ्जली व्यक्त गर्दछौं । दुःखको यस घडीमा हामीप्रति सहयोग, सहानुभूति प्रकट गर्नुहुने सम्पूर्ण ईष्टमित्र, बन्धुबान्धव, छरछिमेकी, आफन्तजन र शुभेच्छुकप्रति हार्दिक आभार व्यक्त गर्दै अन्त्येष्टिका क्रममा सागरमा पाल्नुहुने सम्पूर्ण महानुभावहरुलाई बौद्धधर्म अनुसार हुने विशेष पुजा नङ्शल एक हजार छयोमे बाली दिव्यतिथि काजकिरिया (घेवा) मा सहभागी भई पितृप्रसाद ग्रहण गरी दिनुहुन निम्न मिति, समय र स्थानमा हार्दिक आमन्त्रणसमेत गर्दछौं ।

**कार्यक्रम**

**मिति: २०८१ जेष्ठ १७ गते बिहीबार**
**समय: बिहान ६:०० बजेबाट**
**स्थान: राक्सिराङ-१, भुमेथुम (आफ्नै निवास)**

**प्रार्थी (छोराहरू)**

देव लामा थिङ/कमान सिंह थिङ/राजमान थिङ/गणेशमान थिङ

एवम्

**समस्त थिङ परिवार, राक्सिराङ**

असमर्थताका लागि
मो.नं. ९८४५०७६३९३





## मालपोत कार्यालय मकवानपुरबाट मिति २०८१/०२/१४ मा जारी भएको नामसारीको हकदावी सम्बन्धी

### ३५ दिने सार्वजनिक सूचना

निवेदक: सीतामाया गिरि र देवकी गिरि (विवाहित छोरी)
जग्गाधनी: सन्तोकी गिरि (आमा)

यसमा जिल्ला मकवानपुर साविक ज्यामिरे वडा ३ को कि.नं. ६४७ को क्षेत्रफल ज.वि. ०-०-७.५ को जग्गाधनि आफ्नो आमा सन्तोकी गिरिको मिति २०६६/१२/३० मा मृत्यु भएको र निज जग्गाधनिको एकमात्र पति गोपीलाल गिरिको पनि मिति २०६६/०४/०६ सालमा नै मृत्यु भईसकेको निजहरुको दाम्पत्य जीवनबाट २ जना छोरीहरु जेठी छोरी सीतामाया गिरि-१ र कान्छी छोरी देवकी गिरि-१ भएकोमा निजहरुको पनि विवाहदान भई पर घर गईसकेको र निजहरुको दाम्पत्य जीवनबाट कुनैपनि छोराको जायजन्म नभएको, जग्गाधनिको सन्तोकी गिरिको मृत्यु अगाडिको पालनपोषण, स्याहार सम्भार, औषधि उपचार र मृत्यु पछाडिको सामाजिक परमपरा बमोजिमको सदगद तथा काजकृया समेत हामी निवेदक छोरीहरु सीता माया गिरि र देवकी गिरीले नै गरेको हुनाले कैलाश गाउँपालिका वडा नं. १ को च.नं. ३६३ मिति २०८१/०२/०४ को नामसारी सिफारिस पत्र, वडा सर्जमिन मुचुल्का तथा नाता प्रमाणित प्रमाणपत्र तथा किटानी सिफारिस समेत संलग्न राखी निज जग्गाधनिको हकदार हामी निवेदकहरु बाहेक अरु कोही नभएकोले उल्लेखित जग्गा हाम्रो नाममा संयुक्त नामसारी गराईपाउँ भनि माग दावी निवेदन पेश गर्नु भएकोमा यो सार्वजनिक सूचना प्रकाशित गरिएको छ ।

अत, निवेदकहरुको माग दावी सत्य नभई झुठा भए वा जग्गाधनिको हकदारहरु अरु कोही भए वा जग्गाधनि सन्तोकी गिरिको पालन पोषण तथा काजकृया अरुलेनै गरेको भए वा उल्लेखित जग्गामा अरु कोही कसैको हकभोग भएको भए वा निवेदकहरुको माग बमोजिम नामसारी हुन/गर्न नहुने कुनै कारण भए यो सूचना प्रकासित/जारी भएको मितिले ३५ (पैतीस) दिन भित्र मालपोत कार्यालय मकवानपुरमा स-प्रमाण दावी-उजुरी, गर्न आउनुहोला । अन्यथा निवेदकको नाममा नामसारी भई जानेछ । पछि कुनै उजुरबाजुर लाग्ने छैन ।






## जनस्वास्थ्य कार्यालय मकवानपुरद्वारा जनहितमा जारी संदेश

मिति २०७३ साल बैशाखदेखि २०७५ असोजसम्म जन्म मिति भएका बालबालिकाहरुलाइ मकवानपुर जिल्ला स्थित १० वटै स्थानीय तह अन्तर्गतका सबै विद्यालयमा यहि मिति २०८१ जेष्ठ १३ गतेबाट जेष्ठ १९ गतेसम्म पोलियो विरुद्धको खोप आइ.पि.भी. खोप अभियान २०८१ संचालन हुँदैछ उक्त आइ.पि.भी.खोप अभियानमा २०७३ साल बैशाख देखि २०७५ असोजसम्म जन्म मिति भएका बालबालिकाहरुलाई खोप लगाउन हुन अनुरोध छ । स्थानीय तह अन्तर्गतका सबै विद्यालयमा यहि मिति २०८१ जेष्ठ १३ गतेबाट जेष्ठ १९ गतेसम्म संचालन हुने भएपनि तपाईको नजिकको विद्यालय वा तपाईको बालबालिका अध्ययन गर्ने विद्यालयमा खोप अभियानको मिति फरक हुन सक्छ । त्यसैले आ-आफ्नो बालबालिकाले आइ.पि.भी खोप लिए नलिएको सुनिश्चित हुन अनुरोध छ ।

खोपहरु लगाए पनि सँधै सरसफाईका सबै व्यवहारहरुको पालना गरौं । खोप सम्बन्धि कुनै जानकारी आवश्यक परेमा नजिकैको स्वास्थ्य संस्था, स्वास्थ्यकर्मी, म.सा.स्वा.स्वयं.से., वा निशुल्क कल सेन्टर ११९५ मा सम्पर्क गरौं । याद गर्नुहोस । मिति २०७३ साल बैशाखदेखि २०७५ असोजसम्म जन्म मिति भएका बालबालिकाहरुलाइ पोलियो रोगको संक्रमणबाट बचाउन तथा पक्षघात हुनबाट बच्न आइ.पी.भी. खोप लगाउन अति आवश्यक छ । त्यसैले उक्त उमेर समुहका बालबालिकाहरुलाई आइ.पी.भी. खोप लगाउन हुन अनुरोध छ ।

**जिल्ला खोप समन्वय समिति तथा जनस्वास्थ्य कार्यालय, मकवानपुर**





समृद्धि प्रकाशन प्रा.लि. द्वारा प्रकाशित, ठेगाना: हेटौंडा-४, अजरअमररोड, ०५७-५२६८३०, Email:sambridhasamaj@gmail.com, website:www.samriddhasamaj.com, प्रबन्ध निर्देशक: रोजिना श्रेष्ठ, सम्पादक: सुरेश श्रेष्ठ